सुर्नया गाउँपालिका
Surnaya Rural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Rural Municipal Executive Office
रौलेश्वर,बैतडी
Rauleshwor, Baitadi

सुदूरपश्चि प्रदेश, नेपाल
Sudurpaschi Province, Nepal

आ.व. (Fy) २०८०/०८१
च.नं.(Dispatch. No.)

मिति २०८१।०१।१७

## जनहितका लागि जारी सूचना

प्रस्तुत बिषयमा केही दिन देखि यस सुर्नया गाउँपालिका अन्तर्गत रहेका सामुदायिक बन तथा राष्ट्रिय बनमा व्यापक रुपमा डढेलो/आगलागीका घटनाहरु बढि रहेको र यस्ता घटनाहरु सहजै नियन्त्रण गर्न कठिन हुनुका साथै यसबाट हुने धनजन, घरखेत, खानेपानी तथा समग्र पर्यावरणमा नकारात्मक असर पर्ने भएको र सुख्खा मौसममा यस्ता घटनाहरुको जोखिम बढि रहने गर्दछ । यस्ता घटनाहरुबाट बच्न/बचाउन र यस्ता घटनाहरु न्यूनिकरण तथा नियन्त्रणका लागि सामुदायिक बन उपभोक्ता समिति, सम्बन्धित वडा कार्यालय, नजिकैको प्रहरी चौकी, गाउँपालिकाको कार्यालय एवं सरोकारवाला पदाधिकारीलाई तुरुन्तै जानकारी गराउन हुन जानकारी गरिन्छ । साथै यस्ता घटनाहरु गर्न उद्धत हुने व्यक्तिको नाम प्रमाण सहित गोप्य रुपमा उपलब्ध गराउने व्यक्तिलाई उचित प्रोत्साहन गर्ने र यस्ता घटनाहरुमा संलग्न व्यक्तिहरुलाई प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गरिन्छ । आगलागी/डढेलो जस्ता विपदजन्य घटनाहरु न्यूनिकरण र नियन्त्रण गर्ने कार्य आम सर्वसाधारणको समेत दायित्व भएकोले यस कार्यमा सतर्क रहन एवं सहजीकरण गर्न समेत सम्बन्धित सबैमा हार्दिक अनुरोध छ ।

२०८१।०१।१७

अम्मर बहादुर कुवंर

गाउँपालिका अध्यक्ष

अम्मर बहादुर कुवं
गा.पा.अध्यक्ष